नेपाल नागरिक उड्डयन प्राधिकरण
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचरको
बोलपत्र आव्हानको सूचना
सूचना प्रकाशित मिति २०८१/१०/२३

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनको प्रस्थानतर्फ चेकईन एरियाको बाहिरपट्टी (साविकमा International Money express Pvt सञ्चालनमा रहेको स्थानमा) २३ व.मि. क्षेत्रफलमा रेमिटयान्स भुक्तानी, मनी ट्रान्सफर तथा करेन्सी एक्सचेञ्ज (खरिद तथा विक्री) सम्बन्धी गर्ने गरी सेवा सञ्चालन गर्न सम्बन्धित निकायबाट स्वीकृति प्राप्त इजाजत प्राप्त कम्पनीहरुले निम्न शर्तहरुको अधिनमा रही बोलपत्र फाराम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>शर्तहरु</u>**

१. यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) औं दिनको कार्यालय समय भित्र राष्ट्रिय बाणिज्य बैंक, गौचर शाखामा रहेको यस कार्यालयको खाता नम्बर १६९०१०००००११००६ मा रु. ५,६५०/— (अक्षरेपीः पाँच हजार छ सय पचास रुपैंया मात्र ) (मूल्य अभिवृद्धि कर सहित) जम्मा गरी (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर यस कार्यालयको राजश्व शाखामा पेस गरी प्राप्त रसिद (Tax Invoice) नवीकरण सहितको संस्था/फर्म/कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्र, नेपाल राष्ट्र बैंङ्कबाट रेमिटयान्स भुक्तानी, मनी ट्रान्सफर तथा विदेशी विनिमय (खरिद तथा विक्री)कारोबार गर्ने जारी इजाजतपत्र सहित निवेदन पेश गरी यस कार्यालयको कर्पोरेट महाशाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र साथ रजिस्टर्ड फर्म-कम्पनी दर्ता प्रमाण पत्र नविकरण सहित सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्ने अनुमति प्राप्त ईजाजत पत्र VAT/PAN दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, सञ्चालकको नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको र आफुले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा स्व-घोषणा पत्र र नेपाल राष्ट्र बैंङ्कबाट "क" वर्गको कारोबार गर्ने ईजाजत पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

३. ठेक्का अवधि ५ (पाँच) वर्षको हुनेछ । उक्त ५ (पाँच) वर्ष अवधिको न्यूनतम ठेक रकम रु.२,४२,९०,५२७/- (अक्षरेपीः दुई करोड बयालिस लाख नब्बे हजार पाँच सय सत्ताईस रुपैंया ) कायम गरिएको छ ।साथै दोस्रो वर्ष देखि कुल ठेक रकममा कार्य सम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने ठेक रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्य वृद्धि सूचंकाङ्क अनुसार थप गरी बहाल रकम बुझाउनुपर्नेछ ।बहाल रकम भुक्तानीका लागि ३/३ महिनाको एक किस्ता कायम हुने र उक्त किस्ता शुरु हुन अगावै भुक्तानी गर्नुपर्ने छ।

४. यस कार्यालयलाई तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति-फर्म-संस्था वा कम्पनी र सो फर्म संस्था वा कम्पनीको व्यक्ति हिस्सेदार भएको फर्म-संस्था वा कम्पनीले सो बक्यौता फछ्यौट गरेको कागजात बोलपत्र फाराम खरिद गर्नुपूर्व पेश गर्नुपर्नेछ ।

५. बोलपत्र साथ आफूले कवोल गरेको बहाल रकमको ५% ले हुने बोलपत्र जमानत रकम यस कार्यालयको रा.बा. बैंक, गौचर शाखामा रहेको धरौटी खाता नम्बर १६९०१००००००७०००१ मा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको रकम यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी भएको बोलपत्र खोलिने मितिबाट कम्तिमा १८० दिन (बोलपत्र खोल्ने मितिबाट) मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ ।

६. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि ३० (तीस) दिन भित्र खरिद गरी ३१ (एकत्तिस) औ दिनको १२:०० बजे भित्र यस कार्यालयको कर्पोरेट महाशाखामा दाखिला गरिसक्नु पर्नेछ ।दाखिला हुन आएका बोलपत्रहरु ३१ (एकत्तिस) औ दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ ।सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ ।बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएका पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।बोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन सोही समयका खरिद तथा दर्ता गरिनेछ ।

७. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा त्रि. अ. वि. ना. उ. कार्यालय, गौंचरलाई सम्बोधन गरी कर्पोरेट महाशाखामा दर्ता गराउनु पर्नेछ ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।केरमेट वा प्रष्ट सँग नबुझिने गरी भरिएको बोलपत्र फारामलाई मान्यता दिईनेछैन ।

९.रेमिट्यान्स भुक्तानी, मनी ट्रान्सफर तथा करेन्सी एक्सचेन्ज (खरिद तथा विक्री) काउन्टर सञ्चालन गर्न यो सूचना बमोजिम उपलब्ध गराईएको स्थान अन्तराष्ट्रिय टर्मिनल भवन विस्तार योजनाको क्षेत्र अन्तर्रगत परेको खण्डमा पछि उक्त योजना बमोजिम यो सेवा सञ्चालनका लागि कार्यालयबाट छुट्याईएको स्थानमा स्थानान्तरण गरिनेछ, यसरी स्थानान्तरण गर्दा यस सूचनामा उल्लेखित क्षेत्रफल भन्दा घटबढ हुन गएमा सोही अनुसार स्वीकृत बोलपत्र दाताले बहाल रकम भुक्तानी गर्नु पर्नेछ ।

१०.रीत नपुगी वा म्याद नाघी वा शर्त राखी आएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

११.यो सुचना प्रकाशन भई सके पश्चात कुनै पनि समयमा कारण खोली वा नखोली बोलपत्र रद्द गर्ने वा स्थगित गर्ने अधिकार कार्यालयसँग सुरक्षित रहनेछ।

१२. नियमानुसार स्वीकृत बोलपत्रदाता फर्म/संस्था/कम्पनीसँग रेमिट्यान्स भुक्तानी, मनी ट्रान्सफर तथा करेन्सी एक्सचेन्ज खरिद तथा विक्री सेवा सञ्चालनका लागि सम्झौता भए पश्चात नेपाल राष्ट्र बैङ्क मनिचेन्जर इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ को परिच्छेद २ को विनियम (९) को उपविनियम (४) मा उल्लेख भए बमोजिमको कारोबार गर्नुपर्नेछ र सो कार्यका लागि नियमानुसार यस कार्यालयबाट सिफारिश गरिनेछ ।

१३. बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१४. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np र www.tiairport.com.np मा समेत उपलव्ध हुनेछ ।

१५. यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१६. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको कर्पोरेट महाशाखामा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

१७. सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ ।